तिलागुफा नगरपालिका
तिलागुफा नगर कार्यपालिकाको कार्यालय
कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०१।२४

## निर्णयहरु

**निर्णय नं. १२ : जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि -२०७६ स्वीकृत :** पेश भए बमोजिम **जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि -२०७६** मा परिचय पत्र प्रमाणीत गर्ने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतको सट्टा वडाध्यक्षमा रहने गरी परिमार्जन गरेर स्वीकृत गर्ने ।

**निर्णय नं. १३ :गैरसरकारी संघ संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६ स्वीकृत गर्ने ।**

**निर्णय नं. १४ : बेरुजु फर्छ्यौट र नियन्त्रणका लागि सुझाव दिन अधिकार सम्पन्न समिति गठन गर्ने**
आ.व.०७४।७५ को महालेखा परीक्षकको विभागको लेखापरीक्षणबाट औंल्याइएका बेरुजुहरु प्रचलित कानुनको परिधि भित्र रही नियमित गर्न सक्नेको हकमा नियमित गर्न निर्णय गरी कार्यपालिकामा पेश गर्न र असुल उपर गर्नु पर्नेको हकमा असुलउपर गराई सो को प्रमाण सहित नगरपालिकामा २०७६ आषाढ मसान्त भित्र प्रतिवेदन पेश गर्ने कार्य जिम्मेवारी सहित देहाय बमोजिमको अधिकार समपन्न बेरुजु फर्छ्यौट तथा नियन्त्रणका लागि सुझाव समिति २०७६ गठन गर्ने :

संयोजक :उपमेयर श्री दन्ता नेपाली
सदस्य : वडाध्यक्ष श्री खड्ग बहादुर शाही, वडा नं. ४
सदस्य : वडाध्यक्ष श्री तिलक न्यौपाने, वडा नं. ८
सदस्य : कार्यपालिका सदस्य : श्री माया जिसी
सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत उद्धबप्रसाद रिजाल

**निर्णय नं. १५ : कार्यालयमा मोटर ग्यारेज निर्माण गर्ने :** यस विषयमा नगरपालिकाको केन्द्रको निर्णय नहुञ्जेल थप भौतिक निर्माणको निर्णय नगर्ने ।

**निर्णय नं. १६ : खरिद भैसकेका सामग्रीहरुको भुक्तानी र खरिद प्रकृयालाई नियसंगत बनाउने**
विगतमा आर्थिक नियन्त्रण प्रभावकारी नवन्दा सार्वजनिक खरिद नियमावली २०७५ बमोजिम माग फाराम, लागत अनुमान, खरिद आदेश जस्ता खरिद प्रकृया पुरा नगरी नगरपालिकाका निम्न शाखा र वडा कार्यालयले समान खरिद गरेकाले वडाध्यक्षहरुलाई नगरप्रमुखले, शाखा प्रमुखहरुलाई प्रमुख प्रशासकीय अधिकृतले र सबै वडा सचिवलाई वडाध्यक्षहरुले सचेत गराउने । हाल खरिद भै वितरण समेत भैसकेका निम्न रकमहरुको वील भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने तथा अव उप्रान्त यस्तो हुन नदिन सबै पक्ष सचेत रहने ।

| शाखा/वडाको नाम | वील रकम |
|---|---|
| (१) पशु सेवा शाखा (कुखुराका चल्ला खरिद) | ४९२३७५ |
| (२) कृषि शाखा | |
| थ्रेसर मेसिन | ४९५००० |
| मेटल विन | ३६००० |
| सोलार ड्रायर | ३००००० |

| | | |
|---|---|---|
| | चौमासिक पत्रिका प्रकाशन | ४०००० |
| | बेसिक आलु विउ | ३००००० |
| | मकै विउ | २५००० |
| | विषादि | ११०००० |
| | तरकारी विउ | १८७५०० |
| | पेट्रोल खरिद | १२००० |
| (३) स्वास्थ शाखा (सर्जिकल सामग्री) | | ४००००० |
| (४) वडा नं. ८ | | ६३२८० |

**निर्णय नं. १७ : महिला क्षमता विकास कार्यक्रम र दलित आयआर्जन कार्यक्रमको प्रस्ताव रद्ध गर्ने**
आ.व.०७५।७६ को वार्षिक कार्यक्रममा समावेश गरिएका महिला क्षमता विकास कार्यक्रम र दलित आयआर्जन कार्यक्रमको लागि माग गरिएको प्रस्ताव विधिसम्मत नभएकाले रद्ध गर्ने तथा कार्यक्रम कर्यान्वयनलाई प्रभावकारीरुपमा सम्पन्न गर्ने ।

**निर्णय नं. १८ : नगर कार्यपालिकाको कार्यालय रहेको स्थानमा बैंक शाखा संचालन सम्वन्धमा**
नगर कार्यपालिकाको कार्यालय रहेको स्थान गाल्जेमा आफ्नो शाखा खोल्न चाहने क वर्गको जुनसुकै वाणिज्य बैंकलाई नगरपालिकाका तर्फबाट सहमती प्रदान गर्ने ।

**निर्णय नं. १९ : राष्टपति रनिंगशील्ड प्रतियोगिताको खर्च अनुमोदन :** नगरपालिकाका जनप्रतिनिधिहरु स्वयंको् उपस्थितिमा भएको नगरस्तरीय राष्टपति रनिंगसिल्ड प्रतियोगिता संचालनको क्रममा भएको खाना खर्च र ट्रयाकसुट वितरणलाई अनुमोदन गरी विल भुक्तानीका लागि निर्देशन दिने तथा अव उप्रान्त कार्यक्रम संचालन गर्दा क्रियाकलापको पुष्र्याँई सहित बील भरपाई पेश गरेमा मात्र स्वीकृत गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २० : रुरु वन्चु पर्यटन क्षेत्र विकास कार्यक्रमको लागि डिजाइन अनुमोदन सम्वन्धमा**
रु. १,१६,००००० बजेट रहेकोरुरु बञ्चु पर्यटकीय पूर्वाधार निर्माणको कार्य पेश भए बमोजिमको पिसिसि बाटो, मन्दिर, खानेपानी लागायत प्राविधिक शाखाबाट पेश भए बमोजिमको डिजाइन स्वीकृत गरी ठेक्का प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखालाई निर्देशन दिने ।

**निर्णय नं. २१ : गाल्जेदेखि जुविथा मावि सम्मको मोटरबाटोको पहिरो सफा र मर्मत गर्न रकम व्यवस्था गर्ने** : कादुरी संस्थाबाट गरिने स्वास्थ परीक्षणलाई प्रभावकारी बनाउन कर्णाली राजमार्ग गाल्जेदेखि जुविथा माविसम्मको सडक बाटो तत्काल सफा र मर्मत गर्न ल.इ. बमोजिम लाग्ने रकम रु १३६००० । चालु आ.व.को विपद जोखिम व्यवस्थापन कोषको बजेटबाट व्यहोर्ने गरी खर्च गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. २२ : स्वास्थ चौकि थप गरी ल्याव असिष्टेन्ट सेवा करारमा लिने :** चालु आ.व.०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगरको एक स्थानमा ल्यावको सेवा विस्तार गर्ने भन्ने कार्यक्रमलाई नगरको दुइ स्थानमा ल्याव सेवा विस्तार गर्ने भनेर संसोधन गर्ने तथा उक्त सेवा चिल्खाया र राँचुलीमा संचालन गर्न ल्याव असिष्टेन्ट पदमा सेवा करारका लागि अघि बढाइएको प्रकृयालाई अनुमोदन गर्ने ।

**निर्णय नं. २३ : स्थानीय सहजीकरण समिति गठन :** राष्टपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन निर्देशिका २०७५ को नियम १० बमोजिम गठन भएको स्थानीय सहजीकरण समितिमा नगरपालिकाका तर्फबाट तोक्नु पर्ने महिला सदस्यमा श्री सरस्वती बोगटी रोकायलाई मनोनयन गर्ने ।

**निर्णय नं. २४ : आ.व.०७६।७७ को वार्षिक बजेट तथा योजना तर्जुमा सम्वन्धमा :** आगामी आ.व.०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रकृयालाई तत्काल अघि बढाउने ।

**निर्णय नं. २५ : कृषि र पशु सेवाको नर्म्स र लागत अनुमान तयार गर्ने सम्वन्धमा :** नगरपालिकाको वार्षिक कार्यक्रम अर्न्तगत पशु सेवामा चौंरी, थुमा, बोका र कृषिमा विभिन्न विउ विजन खरिद जस्ता कार्यक्रमको नर्म्स निर्धारण सम्वन्धमा निर्णय नं. १४ बमोजिम गठन हुने बेरुजु फर्छ्यौट तथा नियन्त्रणका लागि सुझाव सिफारिस समितिले नै यस विषयमा समेत उपयुक्त उपाय खोजी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।

**निर्णय नं. २६ : स्वास्थ शाखाले भण्डारका लागि लिएको घरको सम्झौता र भाडा रकम सम्वन्धमा** स्वास्थ शाखाले मेडिकलस्टोर प्रयोजनका लागि २०७५ श्रावण १ गतेदेखि नै भाडामा लिएको तिलागुफा ६ गाल्जे स्थिति नन्दबहादुर शाहीको घर मासिक ११००० का दरले भाडामा लिएको विषयलाई अनुमोदन गर्ने । अब आइन्दा घरभाडामा लिंदा प्रचलित विधि र प्रकृयाको पालना गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत सबै शाखाहरुलाई निर्देशन दिने ।

**निर्णय नं. २७ : नगरपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र निर्णयहरु वेवसाइडमा राख्ने :** नगरपालिकाले हालसम्म पारित गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि तथा नगरसभा र नगर कार्यपालिकाका निर्णयहरु तत्काल वेवसाइडमा राख्ने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने । आगामी दिनमा नगरपालिकाबाट भएका निर्णयहरु समेत यथाशीघ्र वेवसाइडमा राख्ने व्यवस्थालाई निरन्तरता दिने ।

**निर्णय नं. २८ : आधारभूत स्वास्थ सेवा केन्द्र निर्माणको लागि टेण्डर आव्हान गर्ने :** स्वास्थ तथा जनसंख्या मन्त्रालयको च.नं.२८४ मिति ०७५।१२।०४ को पत्रसाथ संलग्न स्थानीय तहमा आधारभूत स्वास्थ सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्वन्धी कार्यविधि २०७५ अनुसार चालु आ.व.मा यस नगरपालिका अर्न्तगत वडा नं.२, ३, ५, ८, १० र ११ मा जम्मा ६ वडा आधारभूत स्वास्थ सेवा केन्द्र निर्माण गर्ने कार्यविधिमा व्यवस्था गरिए बमोजिम नगरपालिकाबाट टेण्डर प्रकृया तत्काल अघि बढाउने ।

**निर्णय नं. २९ : नगरपालिका मार्फत खर्च हुने बजेटमा प्रचलित नियमको पालना गर्न ध्यानाकर्षण गराउने** : यस नगरपालिकाको संचितकोषमा निकासा भएको नमूना विद्यालय निर्माणका लागि फोइकोट माविलाई प्राप्त बजेट खर्च गर्ने सम्वन्धमा प्रचलित नियम कानूनको पालना गर्न विद्यालय व्यवस्थापन समितिको ध्यानकर्षण गराउँदै प्रचलित नियम विपरित काम भएमा त्यसबाट उत्पन्न परिस्थिति प्रति विद्यालय स्वयं जिम्मेवार हुने व्यहोरा लिखित जानकारी गराउने ।

**निर्णय नं. ३० : कर्णाली राजमार्गको भैसेगौडामा अवरुद्ध पहिरो पन्छाउन खर्च भएको रकम अनुमोदन**

२०७५ साल चैत्र २६ गतेको वर्षातको कारण कर्णाली राजमार्गको तिलागुफा नपा भैसेगौंडा क्षेत्रमा ३ स्थानमा पहिरो खसी राजमार्ग करीव २४ घन्टा अवरुद्ध हुँदा प्रयोग भएको डोजर खर्च रकम रु. ५६१९६।०० स्वीकृत गर्ने ।

**निर्णय नं. ३१ : विविध : बैठकमा छलफलका क्रममा उठेका निम्न एजेण्डाहरुमा निम्न निर्णय गर्ने**

(क) पचाल झरना नामक पत्रिकामा छापिएको सूचना वापत नगरपालिका र वडामा उपलब्ध पत्रिकाहरुका लागि प्रति पत्रिका रु. एकहजारका दरले बढीमा रु.पन्ध्रहजार रकम एकमुष्ट भुक्तानी गर्ने ।

(ख) हावाहुरीका कारण छानो उडाई क्षतिपूगेका विद्यालयहरुको लागि प्राविधिकले लागत इष्टिमेट पेश गरे पछि मर्मतका लागि न्यूनतम रकम तत्काल उपलब्ध गराई अनुमोदनका लागि आगामी बैठकमा पेश गर्ने ।

(ग) नगरपालिकाको भे १ब १३ नं.को हर्नेट मोटरसाइकल मर्मत खर्च वापत न्यू बुलबुल अटोसेल्सको रु. ८२८८८।०० को बील भुक्तानी गर्ने ।

(घ) २०७६ जेठ १२ देखि १५ मा संचालन हुने कालीकोट जिल्ला स्तरीय राष्टपति रनिंग शिल्ड प्रतियोगितामा तलिागुफाका तर्फबाट सहभागि हुने टोलिलाई वडा नं. ३ र ४ का वडाध्यक्षले संयोजन गरी प्रशिक्षण गराउँने । सो प्रशिक्षण वापित लाग्ने खर्चको लागत अनुमान तयार गरी नगरपालिकामा पेश गर्ने ।

निर्णय प्रमाणीकरण<br>
उद्धबप्रसाद रिजाल<br>
प्रमुख प्रशासकीय अधिकृत